लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# समृद्धिका लागि वन कार्यक्रम

# कार्यान्वयन कार्यविधि

# २०७९/८०

(मिति २०८०।०१।२४ को माननीय मुख्यमन्त्री स्तरीय निर्णयबाट स्वीकृत)

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ति उपत्यका (देउखुरी), नेपाल

सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# विषय सूची


विषय सूची .......... i

परिच्छेद-१ .......... १

परिचय .......... १

१.१ पृष्ठभूमि .......... १

१.२ संक्षिप्त .......... १

१.३ परिभाषा .......... १

१.४ कार्य सञ्चालन प्रक्रिया .......... २

१.५ कार्यक्रम कार्यान्वयन विधि .......... ४

१.६ कार्यक्रम अनुगमन तथा मुल्याङ्कन विधि .......... ४

परिच्छेद-२ .......... ५

समृद्धिका लागि वन कार्यक्रम (३२९००१०५) .......... ५

२.१ संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्ट (Component-1) .......... ५

२.१.१ प्रदेश स्तरीय वातावरणीय परीक्षण निर्देशिका तयारी .......... ५

२.१.२ प्रदेश स्तरीय लैङ्गिक तथा सामाजिक समावेशीकरण, वातावरणीय सुरक्षा निर्देशिका .......... ६

२.१.३ प्रदेश स्तरीय सरोकारवाला सहभागिता योजना तयारी तथा कार्यान्वयन .......... ६

२.१.४ कार्यस्थलमा श्रमिकको व्यवसायिक स्वास्थ तथा सुरक्षा मापदण्ड सहित कार्यान्वयन निर्देशिका तयारी .......... ७

२.१.५ स्थानिय तहको भू-उपयोग तथा वन व्यवस्थापन योजना संस्थागत सुदृढिकरण क्षमता कार्यक्रम .. ७

२.१.६ सार्वजनिक जग्गा र वन क्षेत्रमा भूस्खलन तथा अन्य जोखिमहरु आंकलन र कारणहरुको अध्ययन/तालिम .......... ७

२.१.७ कार्यक्रम कार्यान्वयन कार्यविधि तयारी .......... ८

२.१.८ डिभिजन/सव डिभिजन परियोजना सुदृढिकरण सहयोगी पूर्वाधार सवलीकरण कार्यक्रम .......... ८

२.१.९ प्रदेश स्तर वन क्षेत्रको रणनीति तयारी .......... ८

२.१.१० प्रदेशको वन, वातावरण तथा भू-संरक्षण क्षेत्रको कार्य योजना तयारी .......... ९

२.२ दीगो वन व्यवस्थापन तथा वृक्षारोपण संभाग (समुदायमा आधारित दीगो वन व्यवस्थपान) (Component-2) .......... ९

२.२.१ प्रदेश दीगो वन व्यवस्थापन (समुदायमा आधारित दीगो वन व्यवस्थापन) (Component-2.1) .......... ९

२.२.१.१ सामुदायिक वन उपभोक्ता समुहको वन कार्ययोजना तयारी तथा हस्तान्तरण .......... ९




सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२.२.१.२ सामुदायिक वन उपभोक्ता समुहको वन कार्ययोजना नविकरण ........ १०
२.२.१.३ दीगो वन व्यवस्थापन तथा वन सम्वर्द्धन प्रणाली कार्यान्वियन सुदृढीकरण गोष्ठी ........ १०
२.२.१.४ कबुलियती वन कार्ययोजना कार्यान्वियन गोष्ठी ........ १०
२.२.१.५ सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना पुनरावलोकन/कार्यान्वियन ........ ११
२.२.१.६ चक्ला वनको सम्वर्द्धन प्रणालीमा आधारित दीगो वन व्यवस्थापन कार्ययोजना पुनरावलोकन/कार्यान्वियन ........ ११
२.२.१.७ साझेदारी वनको सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना पुनरावलोकन/कार्यान्वियन ........ ११
२.२.१.८ कबुलियती वनको कार्ययोजना पुनरावलोकन/ कार्यान्वियन ........ १२
२.२.१.९ धार्मिक वनको कार्ययोजना कार्यान्वियन ........ १२
२.२.१.१० दिगो वन व्यवस्थापन/कार्यक्रम कार्यान्वियन पालिकास्तरीय अभिमुखीकरण गोष्ठी ........ १२
२.२.१.११ समुदायमा आधारित दिगो वन व्यवस्थापनको डिभिजन स्तरीय अभिमुखीकरण गोष्ठी ........ १२
२.२.१.१२ दिगो वन व्यवस्थापन तथा समृद्धिका लागि वन परियोजना मन्त्रालय स्तरीय अभिमुखीकरण गोष्ठी ........ १३
२.२.१.१३ वन सम्वर्द्धन प्रणालीमा आधारीत/दिगो वन व्यवस्थापन सम्बन्धी उपभोक्ता समूहहरुलाई तालिम/कोचीङ्ग ........ १३
२.२.१.१४ सार्वजनिक जग्गामा वन व्यवस्थापन/समूह गठन तथा अनुदान सहयोग ........ १३
२.२.१.१५ समुदायमा आधारित वन व्यवस्थापनको लागि क्षमता अभिवृद्धि तालिम (सामाजिक तथा वातावरणीय सुरक्षा) ........ १४
२.२.१.१६ वन क्षेत्रमा सुशासन सुदृढीकरण क्षमता तथा अनुगमन तथा मूल्याङ्कन अभिवृद्धि (डिभिजन वन कार्यालय, स्थानीय तह लगायत) गोष्ठी ........ १४
२.२.१.१७ प्राविधिक क्षमता सुदृढीकरण तालिम (डिभिजन वन कार्यालय लगायत) ........ १४
२.२.१.१८ सामाजिक तथा वातावरणीय सुरक्षा क्षमता अभिवृद्धि प्रशिक्षक प्रशिक्षण तालिम (वन प्राविधिक) ........ १५
२.२.१.१९ उच्च प्रविधियुक्त नर्सरी व्यवस्थापन तथा विरूवा उत्पादन ........ १५
२.२.१.२० सामाजिक तथा वातावरण परीक्षण तालिम ........ १५
२.२.१.२१ सामाजिक तथा वातावरणीय परीक्षण एवम् सुरक्षा अनुगमन प्रशिक्षक प्रशिक्षण तालिम (समुदायहरु तथा पालिकाहरु) ........ १५
२.२.१.२२ वन व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री उपकरण खरिद ........ १६
२.२.१.२३ दिगो वन व्यवस्थापन सम्वन्धी प्रचार प्रसार (होडिङ्ग बोर्ड आदि) ........ १६
२.२.१.२४ वन सम्वन्धी प्रचार सामाग्री छपाई तथा वितरण ........ १६

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
...उपत्यका (...), नेपाल

२.२.१.२५ दिगो वन व्यवस्थापन प्रबर्द्धन मुखी प्रचार प्रसार सामग्री उत्पादन, खरिद तथा बितरण (व्याग, भेष्ट, टोपी आदि) ........ १६
२.२.१.२६ सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका लागि प्रदेशस्तरको तथ्यांक तथा अभिलेख व्यवस्थापन ........ १७
२.२.१.२७ सम्वर्द्धन प्रणालीमा आधारित/दिगो वन व्यवस्थापनका लागि १२ वटा डिभिजनको तथ्यांक तथा अभिलेख व्यवस्थापन कोचिङ्ग ........ १७
२.२.१.२८ सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन सम्बन्धी तालीम/गोष्ठी/अन्तरक्रिया ... १८
२.२.१.२९ सम्वर्द्धन प्रणालीमा आधारित/दिगो वन व्यवस्थापनका लागि साझेदारी वन सम्वन्धी कार्यशाला गोष्ठी........ १८
२.२.१.३० सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रतिवेदन तयारी ........ १८
२.२.१.३१ समृद्धिकालागि वन कार्यक्रम सम्बन्धी संघ, प्रदेशर स्थानीय तहको सरोकारवालाहरुको अभिमुखीकरण/समन्वय गोष्ठी........ १९
२.२.१.३२ दिगो वन व्यवस्थापन प्रवर्द्धन मैत्री प्रविधि तथा उपकरण खरिद तथा उपयोग........ १९
२.२.१.३३ वन व्यवस्थापनकोलागि स्थलगत अभ्यास........ १९
२.२.१.३४ मन्त्रालय/परियोजना/डि.व.का. का कर्मचारीहरुको लागि फिल्ड गियर........ २०
२.२.१.३५ अन्तर प्रदेश अवलोकन अध्ययन भ्रमण ........ २०
२.२.२ दिगो वन व्यवस्थापन तथा वृक्षारोपण कम्पोनेन्ट (निजि तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण) (Component-2.2)........ २०
२.२.२.१ वृक्षारोपणको नर्सरी निर्माण/मर्मत/व्यवस्थापन विरुवा उत्पादन........ २०
२.३ वन उद्यम विकास तथा प्रवर्द्धन कम्पोनेन्ट (निजि क्षेत्रका वन उद्यमीहरुको सवलीकरण) (Component-3)........ २१
२.३.१ सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको लागि कार्यान्वयन/कार्यविधि दस्तावेज तयारी (बैठक/गोष्ठी/तालिम)........ २१
२.३.२ सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका लागि गोलिया काठ चिरानगरी वितरण गर्न वनमा आधारित उद्यम (काठ चिरान र विक्रि वितरण) को लागि सहयोग कार्यक्रम........ २२
२.३.३ वन उद्यम प्रवर्द्धन (व्यवसायिक योजना तथा सामाजिक तथा वातावरणीय सुरक्षा समेत) तालिम २२
२.३.४ गैरकाष्ठ वन पैदावारको उद्यम प्रवर्द्धन तालिम........ २३
२.३.५ वनजन्य उद्यमको लागि सुरक्षा सम्बन्धी सामग्री खरिद ........ २३
२.३.६ वन उद्यम प्रवर्द्धन (कृषि विकास वैंक समेत) सम्बन्धी अन्तरक्रिया/क्षमता विकास कार्यक्रम.. २४
२.३.७ वन उद्यम प्रवर्द्धन मैत्री प्रदर्शनी तथा प्रसार मेला/महोत्सव सहयोग........ २४



सचिव

२.३.८ वन पैदावारमा आधारित उद्योग तथा सहयोगी वित्तिय संस्थाको उद्यम प्रवर्द्धन सिप विकास तालिम ..... २४
२.३.९ वन पैदावारमा आधारित साना तथा मझौला उद्यमीको लागि कार्यस्थलको सुरक्षा तथा स्वास्थ्य मापदण्ड सम्बन्धी सचेतना कार्यक्रम..... २५
२.३.१० वन पैदावारमा आधारित उद्यमी व्यवसायिक सल्लाहकारको लागि सहजीकरण विकास तालिम २५
२.३.११ वन उद्यम प्रवर्द्धन सेवा सहयोग (सेवा प्रदायक मार्फत)..... २५
२.३.१२ उद्यम स्थापनाको लागि Viability Grant Funding सहयोग (ऋण प्रास गर्ने उद्यमीहरु).. २६
२.४ आयोजना अनुगमन मूल्याङ्कन एवम् सुशासन कम्पोनेन्ट (Component-4)..... २७
२.४.१ प्रादेशिक परियोजना समन्वय समितिको बैठक..... २७
२.४.२ PPMU मर्मत सुधार (संरचनात्मक सुधार)..... २७
२.४.३ वन कार्यालयको परियोजना परिसर मर्मत सुधार (संरचनात्मक सुधार)..... २७
२.४.४ दिवस/आयोजना शुभारम्भ/समारोह/प्रचार प्रसार..... २७
२.४.५ टिम बिल्डि वर्कशप..... २८
२.४.६, २.४.७ प्रादेशिक आयोजना कर्मचारी अनुगमन तथा मुल्याङ्कन खर्च, अनुगमन तथा मुल्याङ्कन खर्च (डिभिजन वन कार्यालयको लागि)..... २८
२.४.८ विविध..... २८

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय

सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# परिच्छेद-१

## परिचय

### १.१ पृष्ठभूमि

लुम्बिनी प्रदेशका १० जिल्लाका २५ वटा पालिकाहरुमा विश्व बैंकको आर्थिक सहायतामा नेपाल सरकारबाट प्राप्त प्रदेशस्तरीय परियोजना व्यवस्थापन इकाई तथा डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन हुने गरी व्यवस्था गरिएका आ.व. २०७९/८०मा सञ्चालन हुने ब.उ.शी.नं. ३२९००१०५ का बार्षिक क्रियाकलापहरूको लक्ष्य बमोजिम प्रभावकारी कार्यान्वयनमा सहजता, एक रूपता एव मार्गदर्शन गर्न आवश्यक भएकाले लुम्बिनी प्रदेश, वन तथा वातावरण मन्त्रालयको निर्णयले यो बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० स्वीकृत गरी जारी गरिएको छ।

### १.२ संक्षिप्त

क. यस कार्यविधिको नाम "समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

ख. यो कार्यविधि आ.व.२०७९/८० को अवधिभर वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश अन्तर्गत रहेको प्रदेशस्तरीय परियोजना व्यवस्थापन इकाई तथा रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, प्युठान, दाङ, रोल्पा, बाँके र बर्दिया गरी १० जिल्लाका १२ डिभिजन वन कार्यालयहरु मार्फत २५ वटा पालिकाहरुमा लागू हुनेछ ।

### १.३ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. "कार्यविधि" भन्नाले लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय अन्तर्गत प्रदेश स्तरीय परियोजना व्यवस्थापन इकाई तथा १० जिल्लाका १२ डिभिजन वन कार्यालयहरु मार्फत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यविधिलाई सम्झनु पर्छ।

२. "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्छ।

३. "सम्बन्धीत निकाय" भन्नाले मन्त्रालयद्धारा कार्यक्रम संचालन गर्न तोकिएको निकायलाई सम्झनु पर्छ।

४. "महाशाखा" भन्नाले वन तथा वातावरण मन्त्रालयका महाशाखाहरु सम्झनु पर्छ।



सचिव

५. "कार्यालय" भन्नाले वन तथा वातावरण मन्त्रालय अन्तर्गतका प्रदेश स्तरीय परियोजना व्यवस्थापन इकाई र डिभिजन वन कार्यालयहरुलाई सम्झनु पर्छ।

६. "स्थानीय तह/पालिका" भन्नाले कार्यक्रम लागू हुने गरी निर्णय भएका १० जिल्लाका २५ पालिकाहरु (उप-महानगरपालिका, नगरपालिका वा गाउँपालिका) सम्झनु पर्छ।

७. "प्रचलित कानून" भन्नाले संघ र प्रदेश सरकार, लुम्बिनी प्रदेशले निर्माण गरेका तथा कार्यान्वयनमा रहेका कानूनहरुलाई जनाउँछ।

८. "वातावरण मैत्री क्रियाकलापहरू" भन्नाले यस कार्यविधि अनुरूप सञ्चालन हुने निर्माण सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्दा सकभर सिमेन्ट, फलामजस्ता वस्तुहरूको प्रयोग नगरी वा कम प्रयोग गरी स्थानीय स्तरमा प्राप्त हुने प्राकृतिक तथा जैविक सामग्रीहरू जस्तैः काठ, ढुङ्गा, माटो, खर आदि को प्रयोग गरी गरिने क्रियाकलापलाई सम्झनुपर्छ। सो शब्दले उद्यान, पार्कमा निर्माणजन्य क्रियाकलाप कम र हरियाली जन्य क्रियाकलापहरूलाई प्राथमिकता दिने समेतलाई जनाउँछ।

## १.४ कार्य सञ्चालन प्रक्रिया

स्वीकृत वार्षिक कार्यक्रम निम्न प्रक्रिया अवलम्बन गरी सञ्चालन गरिनेछ।

१. कार्यक्रम कार्यन्वयन प्रादेशिक परियोजन व्यवस्थापन इकाइ र डिभिजन वन कार्यालयहरुबाट गरिने छ ।स्वीकृत वार्षिक कार्यक्रम प्राप्तभए पश्चात कार्यक्रम कार्यान्वयन योजना बनाई सरोकारवालाहरुको सहभागितामा सार्वजनिक गर्ने।

२. स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टीकरण र आवश्यकता अनुसार कार्य बिभाजनगरी कर्मचारीहरूलाई जिम्मेवारी तोक्ने।

३. डिभिजन वन कार्यालयहरुले सन्चालन गर्ने कार्यक्रमहरुकाहकमा स्वीकृत लागत इष्टिमेट सहितको कार्यक्रम कार्यन्वयन प्रस्ताव तयार गरि प्रादेशिक परियोजन व्यवस्थापन इकाइबाट समर्थन गराई मात्र गर्नुपर्ने।

४. क्रियाकलापहरूको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूह क्षेत्र स्थानीय तहमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरक्रिया र गोष्ठी सञ्चालन गरी कार्यक्रम सञ्चालन हुने स्थानको पहिचान गर्ने।

५. विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाइन तथा लागत इष्टिमेट तयार गर्ने। कार्यालयमा विषयगत प्रविधिक नभएको अवस्थामा स्थानीय तह, प्रदेश तथा संघीय सरकारी कार्यालयका प्राविधिक वा निजि क्षेत्रबाट समेत सेवा खरिद गरि कार्य सञ्चालन गर्न सकिने छ।

६. विशेष सिपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिकालागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्ने।

सचिव

७. प्रदेश अन्तर्गतका कार्यालयहरूबाट सञ्चालन हुने तालिम तथा अनुसन्धानका विषयहरू मावन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ।

८. यस कार्यविधी बमोजिम प्रदेश स्तरीय परियोजना व्यवस्थापन इकाई, डिभिजन वन कार्यालयहरुबाट सञ्चालन गरीने तालिम गोष्ठी, सेमीनार जस्ता नियमित कार्यहरु लक्ष्य अनुसारको प्रगती हासील गर्न कार्यालयका मौजुदा जनशक्ति मार्फत अमानतमा सञ्चालन गर्न सकिनेछ।

९. वन विकास सम्वर्द्धन, संरक्षण, व्यवस्थापन सम्वन्धी विशिष्टीकृत कार्यहरु जस्तै वन नर्सरी निर्माण/मर्मत, विरुवा उत्पादन, वृक्षारोपण, तारबार, कार्ययोजना निर्माण, कार्ययोजना परिमार्जन, वन सर्भेक्षण आदि, अग्नीरेखा निर्माण/मर्मत, पानीपोखरी निर्माण/मर्मत, सरसफाइ, नियन्त्रित आगलागि Weeding, cleaning, thinning, सुधार कटान, हार्भेस्टिङ्ग आदि जस्ता विशुद्ध वनभित्र सञ्चालन हुनेहुँदा यस्ता कामहरुको लक्ष्य अनुसारको प्रगति हासिल गर्न कार्यालयका मौजुदा जनशक्ति मार्फत अमानतमा सञ्चालन गर्न सकिनेछ।

१०. लागत इष्टिमेट तयार गर्दा लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट तयार भएको स्वीकृत नर्मस्, प्रचलित नर्मस्, जिल्ला दररेट वा सम्बन्धीत स्थानीय तहको दररेटलाई आधार लिने।

११. यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धी तथा मूल्यांकन गर्ने कार्यकालागि सम्वन्धित कार्यक्रमको प्याकेजमानै ४ प्रतिशत कन्टिन्जेन्सी रकम सहितको लागत इष्टिमेट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ। कन्टीन्जेन्सी रकम प्रचलित कानुन अनुसार खर्च गर्न सकिनेछ।

१२. कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम वा सरकारद्वारा स्वीकृत विकास कार्यहरु (नर्सरी निर्माण, विरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, हारभेष्टिङ्ग, फेलिङ्ग इत्यादि) अमानतबाट कार्य गर्दा कम्तिमा वनसेवाको पाँचौ तहको कर्मचारी (रेञ्जर) ले प्रचलित नर्मस, निर्देशिका र मापदण्डहरुको अधिनमा रही लगत इष्टिमेट बनाई अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई सञ्चालन गर्नुपर्नेछ।

१३. लागत इष्टिमेटमा देहायका विषयहरू समावेश गर्नेः

क. कार्यक्रम/क्रियाकलापको शीर्षक

ख. कार्यक्रम सञ्चालन हुने स्थान

सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

ग. कार्यक्रमको डिजाइन, नक्सा, इकाई, परिमाण, प्रति इकाई लागत र कुल लागत परिमाण अनुमान

घ. श्रोत साझेदारीको अवस्था

१४. कार्यक्रम सञ्चालनकोलागि प्रस्ताव तयार गर्दा देहायका विषयहरू स्पष्ट खुलाउने

क. कार्यक्रमको नाम

ख. कार्यक्रमको पृष्ठभूमि

ग. कार्यक्रमको लक्ष्य र उद्देश्य

घ. कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र

ङ. लक्षित समूह सम्बन्धी विवरण, लाभान्वित घरधुरी, जनसंख्या

च. कार्यक्रम सञ्चालन विधि र प्रक्रिया

छ. कार्यक्रम शुरु हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत इष्टिमेट

ज. अपेक्षित उपलब्धीहरू

झ. अनुगमन तथा मूल्याङ्कन

१५. कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम सम्पन्नको प्रतिवेदन परियोजनाको निर्दिष्ट फारम अनुसार पेश गर्नु पर्नेछ ।

## १.५ कार्यक्रम कार्यान्वयन विधि

यसमा उल्लेख भएका कार्यक्रमहरू प्रचलित कानूनको अधिनमा रही तपसिल अनुसार सञ्चालन गरिनेछ।

१. अमानतबाट (कार्यालयले सम्पादन गर्ने नियमित कार्यहरु)

२. उपभोक्ता समूह वा समितिबाट

३. ठेक्कापट्टाबाट

४. परामर्श सेवा खरिदबाट

५. साझेदारी वा सम्झौताबाट

## १.६ कार्यक्रम अनुगमन तथा मुल्याङ्कन विधि

कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन तपसिल बमोजिम गरिनेछ।

१. वन तथा वातावरण मन्त्रालयले अनुगमन योजना बनाई मन्त्रालयबाट स्वीकृत गराई नियमित रूपमा अनुगमन गरी पृष्ठपोषणदिने।

२. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूले योजना बनाई नियमित रूपमा अनुगमन गरी समयमै पृष्ठपोषण र गुणस्तर नियन्त्रण गर्ने।



सचिव

३. अनुगमन मूल्याङ्कन गर्दा प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन,२०७५लाई समेत आधार बनाउ नुपर्ने।

४. भौतिक निर्माणको कार्यक्रम सम्पन्न भएपछि आयोजना स्थलमा सम्बन्धीत कार्यक्रमबाटनै खर्च बेहोर्नेगरी सकभर काठको वा अन्य उपयुक्त होर्डिंग वोर्ड राख्नुपर्ने।

५. कार्यक्रम कार्यान्वयनको प्रगति मासिक रूपमा सम्बन्धीत निकायमा पेशगर्नु पर्ने।

### १.७ कार्यक्रमको भुक्तानी विधि

कार्यक्रमको भुक्तानी वन तथा वातावरण मन्त्रालयबाट हुनेछ । डिभिजन वन कार्यालयहरुमा प्राप्त कार्यक्रम कार्यन्वयन गर्दा बुदा नं १.४ को ३ बमोजिमको प्रकृया पुरा गरि आएपछिमात्र आर्थिक दायित्व सृजना हुनेछ । कार्यक्रम कार्यन्वयन गर्न डिभिजन वन कार्यालयहरुलाई आवश्यक पर्ने पेश्कि रकम सम्बन्धित डि.ब.का.हरुको र परियोजना संयोजकको सिफारिसमा प्रदान गर्न सकिनेछ ।साथै कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित डि.ब.का.हरुको कार्यसम्पन्न प्रदिवेदन र सिफारिस प्राप्त भएपछि परियोजनासँग सम्बन्धित कर्मचारिहरु(परियोजना संयोजक,परियोजना फोकल ब्यक्तिPPMU मा कार्यरत बिज्ञहरु लगायत)को अनुगमनपछि भुक्तानी गरिनेछ ।

## परिच्छेद-२

## समृद्धिका लागि वन कार्यक्रम (३२९००१०५)

### २.१ संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्ट (Component-1)

### २.१.१ प्रदेश स्तरीय वातावरणीय परीक्षण निर्देशिका तयारी

यस कार्यक्रमको मुख्य उद्देश्य मन्त्रालयमा वन,वातावरण संरक्षण एवम् जलवायू परिवर्तन सम्वन्धी आवश्यक नीति, नियम, निर्देशिका, मार्गदर्शन, कार्यविधी, जानकारीमुलक हाते पुस्तकहरूनिर्माण तथा प्रकाशन गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछ।

- प्रदेश स्तरमा आवश्यक पर्ने वन, वातावरण संरक्षण एवम् जलवायू परिवर्तन सम्बन्धी आवश्यकतानुसार नीति, ऐन, नियम, रणनीतिक योजनाहरू कार्यविधि, निर्देशिका, मापदण्डलगायत निर्माण गर्न सकिनेछ ।
- स्वीकृत वार्षिक कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार विभिन्न कार्यविधि, निर्देशिका, मापदण्डहरू तयार गरिनेछ ।

सचिव

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

- कानून मसौदा, कार्यविधि, निर्देशिका, मापदण्डहरू निर्माणका क्रममा आवश्यकता अनुसार सरोकारवालाहरुसँग राय सङ्कलन, समिति/कार्यदल बैठक, योजना तर्जुमा बैठक,परामर्श सेवा, गोष्ठी, लेखन, सम्पादन तथा छपाइ सम्बन्धी कार्यको साथै आबश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा होटलमा गोष्ठी/छलफल/अन्तरक्रिया गर्दा हलभाडा सामग्री, खाना, खाजा, अन्य भाडा, ईन्धन, भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

यस कार्यक्रममा विनियोजन बजेट उल्लेखित कार्यहरू सम्पादनका लागि अन्तरक्रिया, छलफल, विज्ञको पारिश्रमिक, बैठक,लेखन तथा सम्पादन, प्रकाशन लगायतको कार्यमा खर्च गर्न सकिनेछ ।

### २.१.२ प्रदेश स्तरीय लैङ्गिक तथा सामाजिक समावेशीकरण, वातावरणीय सुरक्षा निर्देशिका

यस कार्यक्रमको मुख्य उद्देश्यप्रदेशस्तरीय लैङ्गिक तथा सामाजिक समावेशीकरण, वातावरणीय सुरक्षा निर्देशिका तयारीतथा प्रकाशन गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछ।

- प्रदेश स्तरमा आवश्यक पर्ने लैङ्गिक तथा सामाजिक समावेशीकरण, वातावरणीय सुरक्षा निर्देशिका,वन, वातावरण संरक्षण एवम् जलवायू परिवर्तन सम्बन्धी आवश्यकतानुसार नीति, ऐन, नियम, रणनीतिक योजनाहरू कार्यविधि, निर्देशिका, मापदण्डलगायत निर्माण गर्न सकिनेछ ।
- स्वीकृत वार्षिक कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार विभिन्न कार्यविधि, निर्देशिका, मापदण्डहरू तयार गरिनेछ ।
- कानून मस्यौदा, कार्यविधि, निर्देशिका, मापदण्डहरू निर्माणका क्रममा आवश्यकता अनुसार सरोकारवालाहरु सँग राय सङ्कलन, समिति/कार्यदल बैठक, योजना तर्जुमा बैठक,परामर्श सेवा, गोष्ठी, लेखन, सम्पादन तथा छपाइ सम्बन्धी कार्यको साथै आबश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा गोष्ठी/छलफल/अन्तरक्रिया गर्दा हलभाडा, सामग्री, खाना, खाजा, अन्य भाडा, ईन्धन, भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

यस कार्यक्रममा विनियोजित बजेट उल्लेखित कार्यहरू सम्पादनका लागि अन्तरक्रिया, छलफल, विज्ञको पारिश्रमिक, बैठक, लेखन तथा सम्पादन, प्रकाशन लगायतको कार्यमा खर्च गर्न सकिनेछ ।

### २.१.३ प्रदेश स्तरीय सरोकारवाला सहभागिता योजना तयारी तथा कार्यान्वयन

यस कार्यक्रमबाट प्रदेश स्तरीय सरोकार वालाहरु सहभागीता गराई आवाधिक योजनाले तोकेको र उक्त आवधिक योजनाका लक्ष्य पुराहुने गरी स्थलगत रुपमा कार्यक्रमहरू पहिचान गरी विवरण तयार गर्ने र सरोकारवालाहरुबाट प्राप्त योजना सम्बन्धी विवरण तथा सुझावलाई छलफलबाट अन्तिम टुङ्गो लगाउन Provincial Project Management Unit (PPMU) ले आगामी बर्षका योजना



सचिव

तर्जुमा तथा चालु आ.व.का योजनाहरुको कार्यन्वयनका अवस्थाको समिक्षा गरि यो कार्यक्रम कार्यन्वयन गर्नसकिनेछ।

यस कार्यक्रममा विनियोजन बजेट उल्लेखित कार्यहरू सम्पादनका लागि गोष्ठी, अन्तरक्रिया, छलफल, इन्धन तथा भत्ता लगायतको कार्यमा खर्च गर्न सकिनेछ ।

### २.१.४ कार्यस्थलमा श्रमिकको व्यवसायिक स्वास्थ तथा सुरक्षा मापदण्ड सहित कार्यान्वयन निर्देशिका तयारी

यस कार्यक्रमको मुख्य उद्देश्य कार्यस्थलमा श्रमिकको व्यवसायिक स्वास्थ्य तथा सुरक्षा मापदण्ड र निर्देशिका निर्माण तथा प्रकाशन गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछः

- कार्यस्थलमा श्रमिकको व्यवसायिक स्वास्थ तथा सुरक्षा मापदण्ड सहित कार्यान्वयन निर्देशिका तयारीतथा प्रकाशन गर्न सकिनेछ ।
- निर्देशिका निर्माणका क्रममा आवश्यकता अनुसार सरोकारवालाहरु सँग राय सङ्कलन, समिति/कार्यदल वैठक, परामर्श सेवा, गोष्ठी, लेखन, सम्पादन तथा छपाई सम्बन्धी कार्यको साथै आबश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा होटलमा गोष्ठी/छलफल/अन्तरक्रिया गर्दा हलभाडा सामग्री, खाना, खाजा, अन्य भाडा, ईन्धन, भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

यस कार्यक्रममा विनियोजन बजेट उल्लेखित कार्यहरू सम्पादनका लागि अन्तरक्रिया, छलफल, विज्ञको पारिश्रमिक, बैठक, लेखन तथा सम्पादन, प्रकाशन लगायतको कार्यमा खर्च गर्न सकिनेछ ।

### २.१.५ स्थानिय तहको भू-उपयोग तथा वन व्यवस्थापन योजना संस्थागत सुदृढिकरण क्षमता कार्यक्रम

यस कार्यक्रमको मुख्य उद्देश्य स्थानिय तहहरूको वन व्यवस्थापन योजना तयार तथा प्रथामिकीकरण गरी स्थानिय तहको वन क्षेत्रको संस्थागत क्षमता विकाश गर्ने रहेको छ।

यस कार्यक्रम अन्तर्गतवन व्यवस्थापन योजनातयारीका क्रममा आवश्यकता अनुसार सरोकारवालाहरु सँग छलफल, राय सङ्कलन, समिति/कार्यदल वैठक, परामर्श सेवा, गोष्ठी, लेखन, सम्पादन तथा छपाई, ईन्धन, भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

### २.१.६ सार्वजनिक जग्गा र वन क्षेत्रमा भूस्खलन तथा अन्य जोखिमहरु आंकलन र कारणहरुको अध्ययन/तालिम

यस कार्यक्रमको मुख्य उद्देश्य सार्वजनिक जग्गा र वन क्षेत्रमा भू-स्खलन तथा अन्य जोखिमहरु आँकलन र कारणहरुको अध्ययन गर्नु रहेको छ। सार्वजनिक जग्गा र वन क्षेत्रको भू-स्खलन तथा अन्य जोखिमको संभावना रहेका क्षेत्रहरुको नक्सांकन गर्ने, जोखिमयुक्त नयाँ स्थानहरुको खोजी गर्ने,



सचिव

जोखिम बढाउने कारणहरुको पहिचान गर्ने तथा जोखिम न्यूनीकरणका उपायहरुको बारेमा अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ। यसमा विनियोजित बजेट कार्यक्षेत्रगत शर्त तयारी, सुचना प्रकाशन, प्रस्ताव मुल्याँङ्कन, परामर्शदाता छनोट, स्थलगत अध्ययन, प्रस्तुतीकरण, प्रतिवेदन तयारी/सम्पादन अनुगमनका कार्य लगायतमा समेत खर्च गर्नसकिनेछ।

कार्यक्रम कार्यान्वयनगर्दा विस्तृत कार्य क्षेत्रगत शर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई सेवा परामर्श मार्फत प्रचलित कानूनी प्रक्रिया पुरा गरी कार्यक्रम सम्पादन गर्नुपर्नेछ।

### २.१.७ कार्यक्रम कार्यान्वयन कार्यविधि तयारी

यस कार्यक्रमको मुख्य उद्देश्य समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत आ.व. २०७९/८० मा सञ्चालन हुने बार्षिक क्रियाकलापहरूको लक्ष्य बमोजिम प्रभावकारी कार्यान्वयनमा सहजता, एकरूपता एवम् मार्गदर्शन गर्नु रहेको छ। यसमा विनियोजित रकम कार्यविधि तयारीको लागि सञ्चालन भएको बैठकको बैठक भत्ता, खाजा लगायतका कार्यमा खर्च गर्न सकिने छ।

### २.१.८ डिभिजन/सव डिभिजन परियोजना सुदृढिकरण सहयोगी पूर्वाधार सवलीकरण कार्यक्रम

यो कार्यक्रमको उद्देश्य डिभिजन/सबडिभिजन स्तरमा परियोजना सुदृढीकरणका लागि आवश्यक पर्ने कार्यालय व्यवस्थापनका पूर्वाधार निर्माण गर्ने रहेको छ।

यस कार्यक्रम मार्फत डिभिजन/सबडिभिजन वन कार्यलयहरुमा परियोजनाबाट संचालित कार्यक्रमहरु कार्यान्वयन अवधिमा आवश्यक कार्यालय मर्मत/संभार, कार्यालय व्यवस्थापन, फर्निचर एवम् फिक्चर्स जस्ता कार्यहरु गरिने छ। यो कार्यक्रम कार्यान्वनका लागि न्यून कंक्रिट वा कंक्रिट रहित संरचना र अन्य क्रियाकलापहरुको डिजाइन तथा इस्टिमेट तयार गरी कार्य गर्नु पर्नेछ।

### २.१.९ प्रदेश स्तर वन क्षेत्रको रणनीति तयारी

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशको वन ऐन अनुसार प्रादेशिक वन रणनीति निर्माण गर्नु रहेकोछ। कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछ।

- प्रादेशि वन रणनीति निर्माणका क्रममा आवश्यकता अनुसार सरोकारवालाहरुसँग राय सङ्कलन, समिति/कार्यदलवैठक, योजना तर्जुमा बैठक, गोष्ठी, लेखन, सम्पादन तथा छपाई सम्बन्धी कार्यको साथै आवश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा होटलमा गोष्ठी/छलफल/ अन्तरक्रिया गर्दा हल भाडा सामग्री, बैठक भत्ताखाना, खाजा लगायतमा खर्च गर्न सकिनेछ।
- कार्यक्रम कार्यान्वयनगर्दा विस्तृत कार्यक्षेत्रगत शर्त (ToR) तयार गरी मन्त्रालयबाट स्वीकृत गराई सेवा परामर्श मार्फत प्रचलित कानूनी प्रक्रिया पुरा गरी कार्यक्रम सम्पादन गर्नु पर्नेछ।



सचिव

**२.१.१० प्रदेशको वन, वातावरण तथा भू-संरक्षण क्षेत्रको कार्य योजना तयारी**

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशको वन, वातावरण तथा भू-संरक्षण क्षेत्रका विद्यमान समस्या, सम्पादन भई रहेका कार्य तथा आगामी कार्यदिशा सहितको वन क्षेत्रको सुधार कार्य योजना तयार गर्नुरहेकोछ। कार्यक्रमको कार्यान्वयन निम्नानुसार गरिनेछ।

- प्रदेशस्तरको वन, वातावरण तथा भू-संरक्षण क्षेत्रको सुधार कार्य योजना आवश्यकता अनुसार सरोकारवालाहरुसँग राय सङ्कलन, समिति/कार्यदलवैठक, योजना तर्जुमा बैठक, गोष्ठी, लेखन, सम्पादन तथा छपाई सम्बन्धी कार्यको साथै आबश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा होटलमा गोष्ठी/छलफल/अन्तरक्रिया गर्दा हलभाडा सामग्री, बैठक भत्ता खाना, खाजा लगायतमा खर्च गर्न सकिनेछ।
- कार्यक्रम कार्यान्वयन गर्दा परामर्शदाता छनौट, स्थलगत अध्ययन, प्रस्तुतीकरण, प्रतिवेदन तयारी/सम्पादन अनुगमनका कार्य लगायतमा समेत खर्च गर्न सकिनेछ। कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्वन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत शर्त तयारगरी मन्त्रालयबाट स्वीकृत गराई सेवा परामर्श मार्फत वा निकाय आफैले प्रचलित कानूनी प्रक्रिया पुरा गरी कार्यक्रम सम्पादन गर्नुपर्नेछ।

**२.२ दीगो वन व्यवस्थापन तथा वृक्षारोपण संभाग (समुदायमा आधारित दीगो वन व्यवस्थपान) (Component-2)**

**२.२.१ प्रदेश दीगो वन व्यवस्थापन (समुदायमा आधारित दीगो वन व्यवस्थापन) (Component-2.1)**

**२.२.१.१ सामुदायिक वन उपभोक्ता समुहको वन कार्ययोजना तयारी तथा हस्तान्तरण**

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट प्रदेश वन ऐन, नियमावली र मार्गदर्शनले निर्धारण गरेको प्रक्रियाहरु पुरा गरेर समुह गठन, विधान तथा कार्य योजना तयारी, वनश्रोत मापन, चारकिल्ला सिमाङ्कन, उपभोक्ता भेलाको लागि दैनिक भ्रमण भत्ता, ईन्धन, खाजा, तथ्याँङ्क विश्लेषण तथा कार्य योजना लेखन, सम्पादन, प्रिन्टीङ्ग, बाईन्डीङ्ग र मसलन्द लगायतका कार्यमा डिभिजनल वन अधिकृतबाट स्वीकृत लागत इष्टिमेटको सिमा भित्र रहि कार्यसम्पन्न गर्न खर्च गरिनेछ।

कार्यक्रम कार्यान्वयन स्वीकृत बजेट र कार्यन्वयन कार्यान्वयन भएका डिभिजन वन कार्यालयहरुको मागको आधारमा मन्त्रालयले निर्णय गरेको परिमाण र बजेट अधिनमा रहि डिभिजन वन कार्यालय मार्फत वा सवै डिभिजन वन कार्यालयहरुको माग संकलन गरी PPMU ले सेवा प्रदायकबाट गर्न सक्नेछ।

सचिव

### २.२.१.२ सामुदायिक वन उपभोक्ता समुहको वन कार्ययोजना नविकरण

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट प्रदेश वन ऐन, नियमावली र मार्गदर्शनले निर्धारण गरेको प्रक्रियाहरु पुरा गरेर कार्ययोजना नविकरणमा खर्च गर्नु पर्नेछ।

यस अन्तर्गत विनियोजित बजेट वन श्रोत मापन, चारकिल्ला सिमाङ्कन, सामाजिक-आर्थिक तथ्याङ्क संकलन, उपभोक्ता भेला, ईन्धन, खाजा, तथ्याँङ्क विश्लेषण तथा कार्ययोजना लेखन, सम्पादन, प्रिन्टीङ्ग, बाईन्डीङ्ग र मसलन्द लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेटको अधिनमा रहि खर्च गर्न सकिनेछ।

कार्यक्रम कार्यान्वयन स्वीकृत बजेट र कार्यन्वयन कार्यान्वयन भएका डिभिजन वन कार्यालयहरुको मागको आधारमा मन्त्रालयले निर्णय गरेको परिमाण र बजेट अधिनमा रहि डिभिजन वन कार्यालय मार्फत वा सवै डिभिजन वन कार्यालयहरुको माग संकलन गरी PPMU ले सेवा प्रदायकबाट गर्न सक्नेछ।

### २.२.१.३ दीगो वन व्यवस्थापन तथा वन सम्वर्द्धन प्रणाली कार्यान्वयन सुदृढीकरण गोष्ठी

यस कार्यक्रमको मुख्य उद्देश्य वन उपभोक्ता समुहहरु तथा प्रदेशमा क्रियाशिल पत्रकारहरु एवम् कर्मचारीहरु बिचमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ बमोजिम हुने क्रियाकलापहरुका बारेमा साझा बुझाई निर्माण गर्ने रहेकोछ।

यसमा विनियोजित बजेट कार्यपत्र, प्रशिक्षक भत्ता , खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता, गोष्ठीमा सहभागीका लागि सन्दर्भ सामग्री छपाइ र वितरण, प्रचार प्रसारका लागि उपयुक्त लोगो एवम् सन्देशयुक्त टिसर्ट, क्याप छपाइ र वितरण लगायतका अन्य आवश्यक कार्यमा खर्च गर्न सकिनेछ।

### २.२.१.४ कबुलियती वन कार्ययोजना कार्यान्वयन गोष्ठी

यस कार्यक्रमको उद्देश्य कवुलियती वन समुहका सदस्यहरुलाई कार्ययोजनामा भएको वन संरक्षण, सम्वर्धन, व्यवस्थापन र सदुपयोग एवम् लेखा अभिलेख व्यवस्थापन र कार्यालय सञ्चालन क्षमता बिकास गरी सुशासन अभिवृद्धी सम्वन्धी ज्ञान, सिप र क्षमता अभिवृद्धी गर्ने रहेको छ।

यसमा विनियोजित बजेट कार्यपत्र, प्रशिक्षक भत्ता , खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता, गोष्ठीमा सहभागीका लागि सन्दर्भ सामग्री छपाइ र वितरण, प्रचार-प्रसारका लागि उपयुक्त लोगो एवम् सन्देशयुक्त टिसर्ट, क्याप छपाइ र वितरण लगायतका अन्य आवश्यक कार्यमा खर्च गर्न सकिनेछ।



सचिव

### २.२.१.५ सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना पुनरावलोकन/कार्यान्वयन

यस कार्यक्रमको उद्देश्य सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्नु रहेकोछ।

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट वन सम्वर्द्धन प्रणालीमा आधारित सामुदायिक वनको कार्ययोजना कार्यान्वयनका लागि छपान, पुनरुत्पादन कटान, पुनरुत्पादन तयारी कटान, पुनरुत्पादन अभिवृद्धि, वन व्यवस्थापन एवम् संरक्षण सम्बन्धी उपकरण खरिद लगायतका क्रियाकलापमा स्वीकृत लागत इष्टिमेटमा उल्लेखित क्रियाकलाप र रकमको परिधिभित्र रही खर्च गर्न सकिनेछ।

### २.२.१.६ चक्ला वनको सम्वर्द्धन प्रणालीमा आधारित दीगो वन व्यवस्थापन कार्ययोजना पुनरावलोकन/कार्यान्वयन

यस कार्यक्रमको मुख्य उद्देश्य चक्ला वनको सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन र आवश्यकता अनुसार पुनरावलोकन गर्नु रहेकोछ।

यस कार्यक्रमबाट वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भए बमोजिम ढलापडा काठ दाउरा संकलन, पुनरुत्पादन कटान, पुनरुत्पादन तयारी कटान, पुनरुत्पादन अभिवृद्धि एवम् वन डढेलो नियन्त्रणलगायतका क्रियाकलापमा वन प्राविधिकबाट गरिने लगत संकलन, छपान, छपान चेकजाँच, ग्रेडिंङ चेकजाँच आदि कार्यमा खटिने कर्मचारीका लागि दैनिक भ्रमण खर्च, इन्धन, खाना, खाजा लगायतका डिभिजन वन अधिकृतले स्वीकृत लागत इष्टिमेट उल्लेखित क्रियाकलापमा खर्च गर्न सकिनेछ।

### २.२.१.७ साझेदारी वनको सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना पुनरावलोकन/कार्यान्वयन

यस कार्यक्रमको मुख्य उद्देश्य साझेदारी वनको सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्नु रहेकोछ।

यस कार्यक्रमबाट वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भए बमोजिम पुनरुत्पादन कटान, पुनरुत्पादन तयारी कटान, पुनरुत्पादन अभिवृद्धि लगायतका क्रियाकलापमा वन प्राविधिकबाट गरिने लगत संकलन, छपान, छपान चेकजाँच, ग्रेडिङ चेकजाँच आदि कार्यमा खटिने कर्मचारीका लागि दैनिक भ्रमण खर्च, इन्धन, खाना, खाजा लगायतका डिभिजन वन अधिकृतले स्वीकृत लागत इष्टिमेट उल्लेखित क्रियाकलापमा खर्च गर्न सकिनेछ।

सचिव

२.२.१.८ कबुलियती वनको कार्ययोजना पुनरावलोकन/ कार्यान्वयन

यस कार्यक्रमको मुख्य उद्देश्य कबुलियती वनको कार्ययोजना कार्यान्वयन र आवस्यकता अनुसार पुनरावलोकन गर्नु रहेकोछ।

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट कबुलियती वनहरूको व्यवस्थापनका क्रियाकलापहरू जस्तै गोडमेल, मलजल, बारबेर, पुनः रोपण, संरक्षण, सम्वर्द्धनका कार्यहरू सञ्चालन गरी वनको अवस्था र हैसियतमा सुधार गरी वनमा जडिबुटी तथा गैर काष्ठ वन पैदावारको खेती, अम्रिसो रोपण, डालेघाँस, फलफूल रोपण कार्यहरू गर्न तथा कबुलियती वन समुहको कार्ययोजनाको म्याद समाप्त भएका समुहहरूको कार्ययोजना पुनरावलोकन गर्न स्वीकृत लागत इष्टिमेट बमोजिम गर्न सकिनेछ।

२.२.१.९ धार्मिक वनको कार्ययोजना कार्यान्वयन

यस कार्यक्रमको उद्देश्य धार्मिक वन समुहका कार्ययोजना बमोजिम संरक्षण तथा धार्मिक कार्यसँग सम्बन्धीत वन व्यवस्थापनका कार्यहरू गर्नु रहेको छ।

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट वृक्षारोपण, तारवार, धार्मिक प्रयोजनको लागि वन पैदावारको संकलन लगाएतका वन व्यवस्थापनजन्य कार्यहरुमा खर्च गर्न सकिनेछ।

२.२.१.१० दिगो वन व्यवस्थापन/कार्यक्रम कार्यान्वयन पालिकास्तरीय अभिमुखीकरण गोष्ठी

यस कार्यक्रमको मुख्य उद्देश्य पालिका स्तरीय सरोकारवालाहरूलाई वन सम्वर्द्धन प्रणालीमा आधारित विभिन्न वन व्यवस्थापनका क्रियाकलाप र सो सम्बन्धमा भएका नियमहरूको बारेमा अभिमुखीकरण गर्ने रहेकोछ।

यस कार्यक्रम अन्तर्गत पालिका स्तरीय सरोकारवालाहरूलाई वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ बमोजिम वन संरक्षण, सम्वर्द्धन, दिगो वन व्यवस्थापन, सदुपयोग जस्ता क्रियाकलापका बारेमा अभिमुखीकरण गर्नका लागि गोष्ठी सञ्चालन गर्नुपर्नेछ। कार्यक्रम अन्तर्गत विनियोजित बजेट हल भाडा, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ।

२.२.१.११ समुदायमा आधारित दिगो वन व्यवस्थापनको डिभिजन स्तरीय अभिमुखीकरण गोष्ठी

यस कार्यक्रमको मुख्य उद्देश्य डिभिजन वन स्तरीय सरोकारवालाहरूलाई वन सम्वर्द्धन प्रणालीमा आधारित विभिन्न वन व्यवस्थापनका क्रियाकलाप र सो सम्बन्धमा भएका नियमहरूको बारेमा अभिमुखीकरण गर्ने रहेकोछ।

यस कार्यक्रम अन्तर्गत डिभिजन वन स्तरीय सरोकारवालाहरूलाई वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ बमोजिम वन संरक्षण, सम्वर्द्धन, दिगो वन व्यवस्थापन, सदुपयोग जस्ता क्रियाकलापका बारेमा अभिमुखीकरण गर्नका लागि गोष्ठी सञ्चालन गर्नुपर्नेछ । कार्यक्रम अन्तर्गत विनियोजित बजेट हल भाडा, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ।

### २.२.१.१२ दिगो वन व्यवस्थापन तथा समृद्धिका लागि वन परियोजना मन्त्रालय स्तरीय अभिमुखीकरण गोष्ठी

यस कार्यक्रमको मुख्य उद्देश्य मन्त्रालय स्तरीय सरोकारवालाहरुलाई वन सम्वर्द्धन प्रणालीमा आधारित विभिन्न वन व्यवस्थापनका क्रियाकलाप र सो सम्बन्धमा भएका नियमहरुको बारेमा अभिमुखीकरण गर्ने रहेकोछ।

यस कार्यक्रम अन्तर्गत मन्त्रालय स्तरिय सरोकारवालाहरुलाई वन सम्वर्द्धन प्रणालीमा आधारित वनव्यवस्थापन मापदण्ड, २०७९ बमोजिम वन संरक्षण, सम्वर्द्धन, दिगो वन व्यवस्थापन, सदुपयोग जस्ता क्रियाकलापका बारेमा अभिमुखीकरण गर्नकालागि गोष्ठी सञ्चालन गर्नुपर्नेछ। यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट हलभाडा, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ।

### २.२.१.१३ वन सम्वर्द्धन प्रणालीमा आधारीत/दिगो वन व्यवस्थापन सम्बन्धी उपभोक्ता समूहहरुलाई तालिम/कोचीङ्ग

यस कार्यक्रम अन्तर्गत स्थानीय वन उपभोक्ता समुहका उपभोक्ताहरुलाई वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ बमोजिम वन संरक्षण, सम्वर्द्धन, व्यवस्थापन, सदुपयोग र आयआर्जन वा जिविकोपार्जनका नवीनतम क्रियाकलाप एवम् सुशासन प्रवर्द्धन गर्नका लागि तालीम/कोचिङ्ग कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। यसमा विनियोजित बजेट खाजा, यातायातखर्च, मसलन्द, दैनिक भ्रमण भत्ता लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

### २.२.१.१४ सार्वजनिक जग्गामा वन व्यवस्थापन/समूह गठन तथा अनुदान सहयोग

यस कार्यक्रमको मुख्य उद्देश्य परियोजना लागु भएका क्षेत्रहरुमा खालि रहेका सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरि हरियाली प्रवर्द्धन तथा वन विकाश गर्ने रहेको छ।

यस कार्यक्रम कार्यान्वयन गर्न सार्वजनिक जग्गामा वृक्षारोपण स्थान छनौट गरी समुह गठन गरिनेछ। तर संस्था एवम् सार्वजनिक निकायका समिति अन्तर्गत रहेका खाली जग्गामा वृक्षारोपण गर्न उक्त निकायका समिति सँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ। यस कार्यक्रम



सचिव

अन्तर्गत विनियोजित बजेट वृक्षारोपण स्थल तयारी, बिरुवा खरिद, ढुवानी र रोपण तथा वृक्षारोपण क्षेत्र तारबार जस्ता कार्यमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्ने सकिनेछ।

### २.२.१.१५ समुदायमा आधारित वन व्यवस्थापनको लागि क्षमता अभिवृद्धि तालिम (सामाजिक तथा वातावरणीय सुरक्षा)

यस कार्यक्रमको मुख्य उद्देश्य वन समुहहरूको वन क्षेत्रमा गरिने वन व्यवस्थापन कार्यको क्षमता अभिवृद्धि गर्दै उक्त कार्यहरूबाट हुन सक्ने सामाजिक तथा वातावरणीय जोखिमहरूको न्यूनिकरण गर्न अपनाइने सुरक्षाको विधिहरू बारे कामदार तथा उपभोक्ता स्तरमा जानकारी दिने रहेको छ।

यस कार्यक्रम अन्तर्गत वन संरक्षण तथा व्यवस्थापनमा संलग्न कामदार तथा वन उपभोक्ताहरूको क्षमता अभिवृद्धि गर्न तालिम सञ्चालन गरिनेछ। विनियोजित बजेट सहभागीको भत्ता, खाजा, इन्धन, कार्यपत्र, प्रशिक्षक भत्ता लगायतमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्ने सकिनेछ ।

### २.२.१.१६ वन क्षेत्रमा सुशासन सुदृढीकरण क्षमता तथा अनुगमन तथा मूल्याङ्कन अभिवृद्धि (डिभिजन वन कार्यालय, स्थानीय तह लगायत) गोष्ठी

यस कार्यक्रमको उद्देश्य वन क्षेत्रमा रहेको सुशासनको अवस्था यसको सुदृढिकरण एवम् अन्तर निकायहरुको अनुगमन र मूल्याङ्कन पद्धतिका विषयमा डिभिजन, सबडिभिजन वन कार्यलय तथा स्थानिय तहहरुमा अभिमुखिकरण गर्नु रहेको छ।

यस कार्यक्रमको कार्यान्वयन वन कर्मचारी तथा स्थानीय निकायका जनप्रतिनिधि एवम् कर्मचारीहरूको अनुगमन तथा मूल्याङ्कन कार्यमा क्षमता अभिवृद्धि गरी वन क्षेत्रमा सुशासन सुदृढीकरण गर्नको लागि गोष्ठी सञ्चालन गरी कार्यक्रम सम्पन्न गरिनेछ।

यस कार्यक्रममा विनियोजित बजेट सहभागीको भत्ता, खाजा, इन्धन, कार्यपत्र, प्रशिक्षक भत्ता, हलभाडा लगायतमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्ने सकिनेछ।

### २.२.१.१७ प्राविधिक क्षमता सुदृढीकरण तालिम (डिभिजन वन कार्यालय लगायत)

यस कार्यक्रमको मुख्य उद्देश्य वन व्यवस्थापनको प्राविधिक क्षमताका विषयमा डिभिजन, सव डिभिजन वन कार्यालय तथा परियोजना कार्यन्वयन हुने स्थानीय तह एवम् वन उपभोक्ता समुहहरूमा अभिभुखिकरण गर्नु रहेको छ।

यस कार्यक्रमको कार्यान्वयन वन कर्मचारी तथा स्थानीय निकायका जनप्रतिनिधि एवम् कर्मचारीहरूको वन व्यवस्थापनको प्रविधिकीय कार्यमा क्षमता अभिवृद्धि गर्नको लागि तालिम सञ्चालन गरी कार्यक्रम सम्पन्न गरिनेछ।



सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

यस कार्यक्रममा विनियोजित बजेट सहभागीको भत्ता, खाजा, इन्धन, कार्यपत्र, प्रशिक्षक भत्ता, हलभाडा लगायतमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्ने सकिनेछ।

### २.२.१.१८ सामाजिक तथा वातावरणीय सुरक्षा क्षमता अभिवृद्धि प्रशिक्षक प्रशिक्षण तालिम (वन प्राविधिक)

यस कार्यक्रमको मुख्य उद्देश्य वन प्राविधिकको सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी प्रशिक्षण क्षमता अभिवृद्धि गर्ने रहेको छ।

यस कार्यक्रम अन्तर्गत वन संरक्षण तथा व्यवस्थापनमा संलग्न कामदार तथा वन उपभोक्ताहरूको सामाजिक तथा वातावरणीय सुरक्षा अभिवृद्धि गर्न वन प्राविधिकलाई आवश्यक प्रशिक्षण तालिम सञ्चालन गरिनेछ। विनियोजित बजेट सहभागीको भत्ता, खाजा, इन्धन, कार्यपत्र, प्रशिक्षक भत्ता लगायतमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्ने सकिनेछ।

### २.२.१.१९ उच्च प्रविधियुक्त नर्सरी व्यवस्थापन तथा विरूवा उत्पादन

यस कार्यक्रमको मुख्य उद्देश्य खाली रहेका सार्वजनिक र निजी जग्गामा वृक्षारोपण गर्न आवश्यक पर्ने गुणस्तर युक्त रोपण योग्य बिरुवा उत्पादन गर्ने रहेकोछ।

यसमा विनियोजित रकम स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ । उत्पादन भएका बिरुवाहरूको प्रजाति र संख्या विवरण एवम् बिरुवा रोपण तथ्याङ्क (ब्यक्ति/ संस्था, संख्या र क्षेत्रफल स्पष्ट रुपमा डिभिजन वन कार्यालय प्रमुखले प्रमाणित गरी राख्नु पर्नेछ।

### २.२.१.२० सामाजिक तथा वातावरण परीक्षण तालिम

यस कार्यक्रमको मुख्य उद्देश्य सरोकारवालाहरूलाई सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी ज्ञान, सीप प्रदान गर्नु रहेको छ।

यो कार्यक्रम अन्तर्गत सामाजिक तथा वातावरणीय सुरक्षा सँग सम्बन्धीत सरोकारवालाहरूसँग तालिम सञ्चालन गरिनेछ । विनियोजित बजेट सहभागीको भत्ता, खाजा, इन्धन, कार्यपत्र, प्रशिक्षक भत्ता लगायतमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्ने सकिनेछ।

### २.२.१.२१ सामाजिक तथा वातावरणीय परीक्षण एवम् सुरक्षा अनुगमन प्रशिक्षक प्रशिक्षण तालिम (समुदायहरु तथा पालिकाहरु)

यस कार्यक्रमको मुख्य उद्देश्य समुदाय तथा पालिका स्तरमा सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी प्रशिक्षण क्षमता अभिवृद्धि गर्ने रहेको छ।

सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

यस कार्यक्रम अन्तर्गत वन संरक्षण तथा व्यवस्थापनमा संलग्न कामदार तथा वन उपभोक्ताहरूको सामाजिक तथा वातावरणीय सुरक्षा अभिवृद्धि गर्न समुदाय स्तरका अगुवा तथा स्थानीय तहका कर्मचारीलाई आवश्यक प्रशिक्षण तालिम सञ्चालन गरिनेछ। विनियोजित बजेट सहभागीको भत्ता, खाजा, इन्धन, कार्यपत्र, प्रशिक्षक भत्ता लगायतमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ।

**२.२.१.२२ वन व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री उपकरण खरिद**

यस कार्यक्रमको मुख्य उद्देश्य वन व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री उपकरण खरिद गरि वितरण गर्ने रहेको छ।

यसमा विनियोजित रकम स्वीकृत लागत इष्टिमेट, स्पेशिफिकेशनका आधारमा प्रचलित ऐन, नियमको परिधि भित्र रही खर्च गर्न सकिनेछ

**२.२.१.२३ दिगो वन व्यवस्थापन सम्वन्धी प्रचार प्रसार (होडिङ्ग बोर्ड आदि)**

यस कार्यक्रमको मुख्य उद्देश्य दिगो वन व्यवस्थापनका लागि आवश्यक प्रचार प्रसार सामाग्री तयारी, उत्पादन, वितरण तथा व्यवस्थापन गर्ने रहेकोछ।

यसमा विनियोजित रकम स्वीकृत लागत इष्टिमेट, स्पेशिफिकेशनका आधारमा प्रचलित ऐन, नियमको परिधि भित्र रही खर्च गर्न सकिनेछ ।

**२.२.१.२४ वन सम्वन्धी प्रचार सामाग्री छपाई तथा वितरण**

यस कार्यक्रमको मुख्य उद्देश्य दिगो वन व्यवस्थापनका लागि आवश्यक प्रचार प्रसार सामाग्री तयारी, उत्पादन, वितरण तथा व्यवस्थापन गर्ने रहेको छ।

यसमा विनियोजित रकम वनको संरक्षण र विकास सम्बन्धी ब्रोसर, पोष्टर, पम्प्लेट तयारी र छपाइ तथा वितरण कार्य लगायत अन्य आवश्यक सन्देशमुख्यक प्रचार प्रसार सामग्रीहरू तयारी तथा पत्रपत्रीका आदिमा स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ ।

**२.२.१.२५ दिगो वन व्यवस्थापन प्रबर्द्धन मुखी प्रचार प्रसार सामग्री उत्पादन, खरिद तथा बितरण (व्याग, भेष्ट, टोपी आदि)**

यस कार्यक्रमको मुख्य उद्देश्य दिगो वन व्यवस्थापनका लागि आवश्यक प्रचार प्रसार सामाग्री तयारी, उत्पादन, वितरण तथा व्यवस्थापन गर्ने रहेको छ।

सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

यसमा विनियोजित रकम दिगो वन व्यवस्थापनका विभिन्न सरोकारवालाहरूको लागि दिगो वन व्यवस्थापनको सन्देश सहितको व्याग, टिसर्ट/ भेष्ट, टोपी, ज्याकेट आदि खरिद तथा वितरण कार्यमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ ।

### २.२.१.२६ सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका लागि प्रदेशस्तरको तथ्यांक तथा अभिलेख व्यवस्थापन

यस कार्यक्रमको मुख्य उद्देश्य वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको तथ्यांक तथा अभिलेख एकीकृत र व्यवस्थित रूपले राख्ने रहेको छ।

यस कार्यक्रम अन्तर्गत वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको तथ्यांक तथा अभिलेख एकीकृत र व्यवस्थित रूपले राख्न आधुनिक सूचना प्रविधियुक्त संयन्त्र स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने रहेको छ।

यसमा विनियोजित रकम कार्यक्षेत्रगत शर्त, स्वीकृत लागत इष्टिमेट, आधारमा प्रचलित ऐन, नियमको परिधि भित्र रही खर्च गर्न सकिनेछ ।

### २.२.१.२७ सम्वर्द्धन प्रणालीमा आधारित/दिगो वन व्यवस्थापनका लागि १२ वटा डिभिजनको तथ्यांक तथा अभिलेख व्यवस्थापन कोचिङ्ग

यस कार्यक्रमको मुख्य उद्देश्य वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको तथ्यांक तथा अभिलेख एकीकृत र व्यवस्थित रूपले राख्ने प्रदेश स्तरमा तयार गरिएको आधुनिक सूचना प्रविधियुक्त संयन्त्रको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि डिभिजन स्तरमा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने रहेको छ।

यस कार्यक्रम अन्तर्गत वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको तथ्यांक तथा अभिलेख एकीकृत र व्यवस्थित रूपले राख्न आधुनिक सूचना प्रविधियुक्त संयन्त्रको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि डिभिजन कार्यालय अन्तर्गतका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न कोचिङ्ग सञ्चालन गरिनेछ।

यसमा विनियोजित बजेट, स्वीकृत लागत इष्टिमेट, आधारमा प्रचलित ऐन, नियमको परिधि भित्र रही खर्च गर्न सकिनेछ ।

सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## २.२.१.२८ सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन सम्बन्धी तालीम/गोष्ठी/अन्तरक्रिया

यस कार्यक्रमको मुख्य उद्देश्य डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारी समुह पदाधिकारी/पत्रकार/जनप्रतिनिधिका लागि वन सम्वर्द्धन प्रणाली तथा दिगो वन व्यवस्थापन सम्बन्धी सझा बुझाई तथा ज्ञान, सिप अभिवृद्धि गर्नु रहेको छ।

यसमा विनियोजित बजेट खाना, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता प्रशिक्षक/विज्ञको प्रशिक्षण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ।

## २.२.१.२९ सम्वर्द्धन प्रणालीमा आधारित/दिगो वन व्यवस्थापनका लागि साझेदारी वन सम्वन्धी कार्यशाला गोष्ठी

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशमा रहेका साझेदारी वनसँग सरोकार राख्ने उपभोक्ता, स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा साझेदार वन उपभोक्ता महासंघ लगायतकालाई सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन सम्बन्धी साझा बुझाई निर्माण गर्ने रहेको छ ।

यस कार्यक्रम अन्तर्गत साझेदारी वनसँग सरोकार राख्ने उपभोक्ता, स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा साझेदार वन उपभोक्ता महासंघलाई सहभागी गराई वृहत कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ ।

यसमा विनियोजित बजेट खाना, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता प्रशिक्षक/विज्ञको प्रशिक्षण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ।

## २.२.१.३० सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रतिवेदन तयारी

यस कार्यक्रमको मुख्य उद्देश्य सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन प्रभावकारिता र संभाव्यता अध्ययन गरि यस प्रणालीलाई थप व्यवस्थित गर्न सहयोग पुर्याउने रहेको छ । यस कार्यक्रम अन्तर्गत अध्ययन अनुसन्धान गरि प्रतिवेदन तयार एवम् प्रकाशन गरि अभिलेखीकरण गरिने छ ।

यसमा विनियोजित स्वीकृत कार्यक्षेत्रगत शर्त अनुसार स्वीकृत लागत इष्टिमेटका अधीनमा रहि खर्च गर्न सकिनेछ।

सचिव

### २.२.१.३१ समृद्धिकालागि वन कार्यक्रम सम्बन्धी संघ, प्रदेशर स्थानीय तहको सरोकारवालाहरुको अभिमुखीकरण/समन्वय गोष्ठी :

यस कार्यक्रमको मुख्य उद्देश्य परियोजना र सो सँग सम्बन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहका सरोकारवालाहरूलाई जानकारी गराई परियोजनाबारे समान बुझाई निर्माण गरि कार्यान्वयनमा प्रभावकारिता बढाउने रहेको छ ।

यस कार्यक्रम अन्तर्गत परियोजना र सो सँग सम्बन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहका सरोकारवालाहरूसँग कार्यशाला सञ्चालन गरिनेछ ।

यसमा विनियोजित बजेट खाना, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता प्रशिक्षक/ विज्ञको प्रशिक्षण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ।

### २.२.१.३२ दिगो वन व्यवस्थापन प्रवर्द्धन मैत्री प्रविधि तथा उपकरण खरिद तथा उपयोग

यस कार्यक्रमको मुख्य उद्देश्य दिगो वन व्यवस्थापनका लागि अत्याआवश्यकिय प्रबिधि तथा उपकरण खरिद तथा उपयोग गरि वन व्यवस्थापनलाई थप प्रभावकारित बृद्धि गर्ने रहेको छ । यस कार्यक्रम अन्तर्गत दिगो वन व्यवस्थापनसँग सम्बन्धीत लग प्रिन्टिङ मेसिन, जि.पि.एस., सफ्टवयर तथा कम्प्युटर लगायतका प्रबिधि तथा उपकरण खरिद एवम् वितरण गरिने छ।

यस कार्यक्रममा विनियोजित बजेट प्रचलित खरिद ऐन नियमावली अनुसार खर्च गरिनेछ ।

### २.२.१.३३ वन व्यवस्थापनकोलागि स्थलगत अभ्यास

यस कार्यक्रमको मुख्य उद्देश्य उपभोक्ता स्तरमा वन व्यवस्थापनका क्रियाकलाप अन्तर्गत पत्ल्याउने, एक्ल्याउने, हाँगा कटान तथा झाडी सफाइ, अग्निरेखा सरसफाइ, नियन्त्रित वन डढेलो स्थलगत अभ्यास लगायत स्थलगत रुपमा प्रयोगात्मक अभ्यास गराइ उपभोक्ताहरूमा वन व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने रहेको छ।

यस कार्यक्रम अन्तर्गत पत्ल्याउने, एक्ल्याउने, हाँगा कटान तथा झाडी सफाइ, अग्निरेखा सरसफाइ, नियन्त्रित वन डढेलो अभ्यास लगायतका वन व्यवस्थापनका कार्यक्रमहरूको प्रयोगात्मक अभ्यास गरिनेछ ।

यसमा विनियोजित बजेट खाना, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता प्रशिक्षक/विज्ञको प्रशिक्षण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

### २.२.१.३४ मन्त्रालय/परियोजना/डि.व.का. का कर्मचारीहरुको लागि फिल्ड गियर

यस कार्यक्रमको मुख्य उद्देश्य मन्त्रालय/निर्देशनालय/परियोजना/डि.व.का. का कर्मचारीहरुको प्रोत्साहन अभिवृद्धि गरि परियोजनाको गतिविधि सञ्चालनमा सहजता प्रदान गर्न आवश्यक पर्ने फिल्ड गियर खरिद गरि बितरण गर्ने रहेको छ ।

यस कार्यक्रम अन्तर्गत मन्त्रालय/निर्देशनालय/ परियोजना/ डि.व.का. मा कार्यरत कर्मचारीहरूलाई जुत्ता, ह्याट, ट्र्याक सुट, छाता, टर्च, स्लिपिङ ब्याग, ब्याकप्याक लगायतका सामग्री खरिद गरी वितरण गर्न सकिनेछ ।

यस कार्यक्रममा विनियोजित बजेट प्रचलित खरिद ऐन, नियमावली अनुसार खर्च गरिनेछ ।

### २.२.१.३५ अन्तर प्रदेश अवलोकन अध्ययन भ्रमण

यस कार्यक्रमको मुख्य उद्देश्य अन्य प्रदेशमा भए गरेका दिगो वन व्यवस्थापनका विषयका सफल अभ्यासहरूको स्थलगतरूपमा अवलोकन गरि प्रदेशमा कार्यन्वयनमा रहेको वन सम्वर्द्धन लगायतका क्षेत्रहरूमा थप टेवा पुर्याउन अन्तरप्रदेश सिकाइ आदान प्रदान गर्नु रहेकोछ ।

यस कार्यक्रम अन्तर्गत वन व्यवस्थापनका सफल कामहरू भएका प्रदेशहरूका बिभिन्न जिल्लामा स्थलगत भ्रमण गर्न स्टेरिङ कमिटीका संयोजकले तोकेका प्रादेशिक परियोजना कार्यन्वयन इकाइसँग सम्बन्धीत कर्मचारी/विज्ञ, मन्त्रालय, निर्देशनालयमा कार्यरत कर्मचारीलाई सहभागी गराई बढिमा १ हप्ता अवधि सम्मको अन्तर प्रदेश अवलोकन अध्ययन भ्रमण कार्यक्रम गरिनेछ ।

यस कार्यक्रममा बिनियोजित बजेट गाडी भाडा, दैनिक भ्रमण भत्ता, सहभागीहरूलाई खाजा एवम् प्रशिक्षक भत्ता लगायतका कार्यहरूमा खर्च गरिनेछ ।

## २.२.२ दिगो वन व्यवस्थापन तथा वृक्षारोपण कम्पोनेन्ट (निजि तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण) (Component -2.2)

### २.२.२.१ वृक्षारोपणको नर्सरी निर्माण/मर्मत/व्यवस्थापन विरुवा उत्पादन

यस कार्यक्रमको मुख्य उद्देश्य निजी तथा सार्वजनिक जग्गाहरूमा हरियाली प्रवर्द्धन गरि उत्पादकत्व वृद्धि गर्नको उच्च माग भएका काष्ठ तथा गैरकाष्ठ प्रजातिका स्वस्थ तथा गुणस्तरीय बिरुवाहरू उत्पादन गरी वृक्षारोपणको लागि तयार पार्नु रहेको छ। साथै निजी र सार्वजनिक क्षेत्रहरूमा स्थानीय चाहना तथा प्राविधिक दृष्टिकोणले उपयुक्त र उत्पादन दिन सक्ने प्रजातिहरूको बृहत्तर वृक्षारोपण गरी वनबाट समृद्धिमा योगदान पुर्‍याउनको लागि आवश्यक बिरुवाहरू वन नर्सरीमा तयार गर्नुपर्ने रहेको छ।



सचिव

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती ... (देउखुरी), नेपाल

यस कार्यक्रम अन्तर्गत परियोजनाका लागि छुट्टै नर्सरीको व्यवस्थापन गर्न बाह्रै महिना बिरूवा उपलब्ध हुने गरी सिँचाइको स्थायी व्यवस्था, स्थायी रुपमा फेन्सिङ वा पर्खाल, स्टोरहाउस, कम्पोष्टपिट, सेडहाउस, हरेक बेडमा पाइप जडान गरी स्प्रिङ्कल सिँचाइको, बत्तीको व्यवस्था गरी स्थायी रूपमा नर्सरी सञ्चालन हुने गरी निर्माण वा मर्मत गर्नुपर्नेछ।

निर्माण एवम् मर्मत भई स्थापना भएका नर्सरीहरूमा खाली रहेको निजी, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । प्रजातिहरू छनौट गर्दा उपभोक्ताहरूको रुचि र कृषि वनको लागि आवश्यक कार्यालयको वार्षिक कार्यक्रममा उल्लेखित वृक्षरोपणका लक्ष्यलाई आधार बनाई विभिन्न प्रकारका रूख काष्ठ तथा अन्य बहुउपयोगी प्रजातिलाई प्राथमिकता दिनुपर्नेछ। बिरुवा उत्पादनको कार्यदिश गर्दा अनिवार्य रूपमा प्रजाति किटान गर्नुपर्नेछ । कार्यालय आफैले नर्सरी सञ्चालन गर्दा सम्भव भए सम्म बीउ स्रोत, समयतालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित गरिएको बिरुवा उत्पादन रजिष्टर राख्नु पर्नेछ । उक्त वन नर्सरीमा बिरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।

बिरुवा उत्पादन कार्य गर्दा प्रति बिरुवा उत्पादन खर्च औसत रकम रू. १०।-का दरले बिरूवा उत्पादन गर्न सकिनेछ। बिरुवा उत्पादन भई वितरण गर्दा अनिवार्य रूपमा वितरण लगत राख्नुपर्नेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी परियोजनाबाट सञ्चालित नर्सरी किटान गरि होर्डिङ बोर्ड राख्नु पर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरू समावेश गर्नुपर्नेछ ।अन्य कुरा स्वीकृत लागत इष्टिमेट र प्रचलित नियमानुसार गर्नुपर्नेछ।

### २.३ वन उद्यम विकास तथा प्रवर्द्धन कम्पोनेन्ट (निजि क्षेत्रका वन उद्यमीहरुको सवलीकरण) (Component-3)

#### २.३.१ सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको लागि कार्यान्वयन/कार्यविधि दस्तावेज तयारी (बैठक/गोष्ठी/तालिम)

यस कार्यक्रमको मुख्य उद्देश्य सम्वर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रम कार्यन्वयनका लागि आवश्यक पर्ने वन व्यवस्थापनका बिभिन्न बिषयहरु जस्तै थिनिङ म्यान्युयल, हार्भेष्टिङ म्यान्युयल, शुसासन तथा अनुगमन मुल्यांकन कार्यबिधि लगायतका आवश्यकीय दस्तावेज तयारी पार्नु रहेको छ । यस कार्यक्रम अन्तर्गत सम्वर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रम कार्यन्वयनका लागि आवश्यक पर्ने वन व्यवस्थापनका बिभिन्न बिषयहरुका कार्यबिधि एवम् दस्तावेज तयार पार्न कार्यक्षेत्रगत शर्त तयारी एवम् स्वीकृत, दस्तावेज कार्यदल निर्माण वा परामर्शदाता छनोट, बैठक, गोष्ठी, दस्तावेजको निर्माण एवम् प्रकाशन गरिनेछ ।



सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

कार्यक्रममा विनियोजित बजेट बैठक भत्ता, विज्ञहरुको पारिश्रमिक लगायतमा खर्च गरिनेछ ।

**२.३.२ सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका लागि गोलिया काठ चिरानगरी वितरण गर्न वनमा आधारित उद्यम (काठ चिरान र विक्रि वितरण) को लागि सहयोग कार्यक्रम**

यस क्रियाकलापको मुख्य उद्देश्य वनमा आधारित नयाँ उद्यम (स:मिल, फर्निचर उद्योग आदी) स्थापना र सञ्चालन तथा पुराना उद्यमीहरूको स्तर उन्नतिको लागि सम्भाव्य स्थल छनौट गर्नु रहेको छ।

यस अन्तर्गत सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्दा उपभोक्ताहरूलाई प्राप्त हुने गोलिया काठ (समूहको आन्तरिक खपत बाट उपभोक्ताहरूलाई चिरान सुविधा प्रदान गर्नका लागि वनमा आधारित उद्यम) स:मिल, फर्निचर उद्योग आदि स्थापना र सञ्चालन तथा पुराना उद्यमीहरूको स्तर उन्नतिको लागि सम्भाव्य स्थान छनौट गर्न यस क्रियाकलापको लागि विनियोजित बजेट खर्च गरिनेछ।

यस अन्तर्गत परियोजना सञ्चालित पालिका भित्र रहेका रूख कटान योजना भएका समुदायमा आधारित वन व्यवस्थापन समूहहरू सामुदायिक वन/साझेदारी वन) पहिचान गर्ने, उक्त वन समूहहरूको कार्य योजना अध्ययन गर्ने, वार्षिक कटान योजना र काठको आन्तरिक खपतको अध्ययन र विश्लेषण गर्नु र उपभोक्ताहरूलाई सहज र सर्वसुलभ रुपमा काठ चिरान सुविधाको उपलब्धताको विषयमा समेत अध्ययन र विश्लेषण गरि सम्भाव्य स्थल छनौट गर्नु पर्नेछ।

यस अन्तर्गत फिल्ड सर्वेक्षण, गोष्ठी, बैठक अन्तरक्रिया, परामर्श शुल्क, प्रतिवेदन तयारी आदि शीर्षकमा रकम खर्च गरिने छ । यो क्रियाकलाप कार्यान्वयनका लागि जिल्ला छनौट गर्दा समृद्धिका लागि वन परियोजनाको वेसलाईन अध्ययन प्रतिवेदन अनुसार बढी परिमाणमा काठ कटान र बिक्री वितरण, समूहको आन्तरिक खपत बढि हुने जिल्लालाई प्राथमिकता दिनु पर्नेछ। यो क्रियाकलाप खरिद ऐन तथा नियमावली अनुसार सेवा प्रदायक संस्था छनौट गरी कार्यान्वयन गर्नु पर्नेछ। यस क्रियाकलापबाट पहिचान हुने सम्भाव्य स्थानहरूमा चालू आ.ब.र आगामी आ.ब.मा काठमा आधारित उद्योग (स:मिल, फर्निचर उद्योग) आदि को स्थापना र स्तर उन्नति सम्बन्धी क्रियाकलापहरू गरिनेछ।

**२.३.३ वन उद्यम प्रवर्द्धन (व्यवसायिक योजना तथा सामाजिक तथा वातावरणीय सुरक्षा समेत) तालिम**

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका परियोजना क्षेत्रहरुमा रहेका वन पैदावारमा आधारित वन उद्यमहरुको प्रवर्द्धनका लागि उद्यमहरुको व्यवसायिक योजना निर्माण तथा उद्योगको सामाजिक तथा वातावरणीय सुरक्षाका सम्बन्धमा तालिम प्रदान गरि क्षमता अभिबृद्धि गर्ने रहेको छ ।



सचिव

वन उद्यमसँग सरोकार राख्ने उद्यमी,संघ संस्था,उद्योगका कर्मचारी तथा कामदारहरु लगायतलाई सहभागी गराई तालिम सन्चालन गरिनेछ ।

यसमा विनियोजित बजेट खाना, खाजा, यातायातखर्च, मसलन्द, दैनिक भ्रमण भत्ता प्रशिक्षक/विज्ञको प्रशिक्षण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ ।

### २.३.४ गैरकाष्ठ वन पैदावारको उद्यम प्रवर्द्धन तालिम

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका परियोजना क्षेत्रहरुमा रहेका गैह्रकाष्ठ वन पैदावारमा आधारित वन उद्यमहरुको प्रवर्द्धनका लागि उद्यमहरुको क्षमता अभिबृद्धि गर्ने रहेको छ ।

गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्यमसँग सरोकार राख्ने उद्यमी, संघ संस्था, उद्योगका कर्मचारी लगायतलाई सहभागी गराई तालिम सन्चालन गरिनेछ ।

यसमा विनियोजित बजेट खाना, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता प्रशिक्षक/विज्ञको प्रशिक्षण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ ।

### २.३.५ वनजन्य उद्यमको लागि सुरक्षा सम्बन्धी सामग्री खरिद

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका परियोजना क्षेत्रहरुमा सन्चालमा रहेका वन पैदावारमा आधारित वन उद्यमहरुमा खटिएका कर्मचारी एवम् कामदारहरुको कार्यस्थलमा हुने जोखिम कम गर्न आवश्यक पर्ने सुरक्षा सम्बन्धी सामाग्री खरिद एवम् बितरण गरि उद्योगहरुमा सुरक्षित वातावरण तयार पार्नु रहेको छ।

यस कार्यक्रम अन्तर्गत वन पैदावारमा आधारित वन उद्यमहरुमा खटिएका कर्मचारि एवम् कामदारहरुको कार्यस्थलमा हुने जोखिम कम गर्ने Safety kits/ personal protective equipment (head protection, body protection, hand protection, eye protection, Foot protection, hearing protection) तथा First aid kits लगायतका अत्यावश्यक सुरक्षा सामाग्रि खरिद तथा बितरण गरिनेछ।

यस कार्यक्रममा विनियोजित बजेट प्रचलित खरिद ऐन, नियमावली अनुसार खर्च गरिनेछ ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२.३.६ वन उद्यम प्रवर्द्धन (कृषि विकास बैंक समेत) सम्बन्धी अन्तरक्रिया/क्षमता विकास कार्यक्रम

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका परियोजना क्षेत्रहरुमा रहेका वन उद्यमहरुमा कृषि बिकास बैंक मार्फत प्रवाह गरिने ऋण सहयोग एवम् सो सम्बन्धी प्रक्रियागत जानकारीका लागि वन उद्यमहरुको क्षमता अभिबृद्धि गर्न सयुक्त अन्तकृया गर्नु रहेको छ ।

यसमा वन उद्यमसँग सरोकार राख्ने उद्यमी, संघ संस्था, कर्मचारी तथा कृषि बिकास बैंक लगायतलाई सहभागी गराई अन्तकृया सन्चालन गरिनेछ ।

यसमा विनियोजित बजेट खाना, खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता प्रशिक्षक/विज्ञको प्रशिक्षण भत्ता लगायतका कार्यमा स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ ।

२.३.७ वन उद्यम प्रवर्द्धन मैत्री प्रदर्शनी तथा प्रसार मेला/महोत्सव सहयोग

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका परियोजना क्षेत्रहरूमा रहेका वन उद्यमहरूको प्रवर्द्धनका लागि वन उद्यमीहरूले उत्पादन गरेका बिभिन्न उत्पादनहरूको प्रचारप्रसार गरि बजारिकरण गर्न प्रदेशस्तरमा मेला वा महोत्सव आयोजना गर्ने रहेको छ ।

यस कार्यक्रम अन्तर्गत वन उद्यमीहरूले उत्पादन गरेका बिभिन्न उत्पादनहरूको प्रचार प्रसार मेला वा महोत्सव आयोजना गर्न वन उद्यमीहरूको उत्पादन र सहभागिताका लागि PPMU मा सूचिकृत हुन कम्तिमा ७ दिनको सूचना प्रकाशन गरिनेछ। PPMU ले कार्यक्रम कार्यन्वयन गर्न कार्यक्षेत्रगत शर्त तयारी पारि स्वीकृत गर्ने छ। स्वीकृत कार्यक्षेत्रगत शर्त अनुसार कार्यक्रम कार्यन्वयन गर्न अमानत वा कोटेशन विधिबाट गरिनेछ ।

यस कार्यक्रममा विनियोजित बजेट प्रचलित खरिद ऐन नियमावली अनुसार खर्च गरिनेछ ।

२.३.८ वन पैदावारमा आधारित उद्योग तथा सहयोगी वित्तिय संस्थाको उद्यम प्रवर्द्धन सिप विकास तालिम

यस क्रियाकलापको मुख्य उद्देश्य वनमा आधारित उद्यमीहरूको सीप विकास गर्नु रहेकोछ । माथि बुँदा नं.२.३.२ मा उल्लेखित क्रियाकलापबाट पहिचान हुने सम्भाव्य स्थानहरूमा चालू आ.ब.र आगामी आ.ब.मा व्यवसाय विकास सेवा प्रदायकहरूको सेवा खरिद गरि काठमा आधारित उद्योग (काठ मिल, फर्निचर उद्योग आदि) को स्थापना र स्तर उन्नति गर्नु पर्ने हुँदा सो को लागि छनौट भएका सम्भाव्य स्थानमा वन पैदावारमा आधारित उद्यमीहरू छनौट गरि उद्यम विकास सम्बन्धी क्षमता अभिवृद्धि तालिममा यस शीर्षकमा विनियोजन भएको रकम खर्च गर्नु पर्नेछ। यस अन्तर्गत सहभागीको लागि स्टेसनरी, प्रशिक्षण सामग्री एवम् तालिम हल कार्यपत्र तयारी, सहभागीको लागि खाजा, प्रशिक्षण शुल्क र दैनिक भ्रमण भत्ता वापत रकम खर्च गरिनेछ।



सचिव

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

यस सीप विकास तालिममा नयाँ स्थापना हुने उद्यमको हकमा वनमा आधारित उद्यम स्थापना र लगानी गर्न इच्छुक नयाँ उद्यमी छनौट गरिनेछ र विगत देखि सञ्चालनमा रहेका वनमा आधारित उद्योगको हकमा स्तर उन्नतिको लागि लगानी गर्न इच्छुक उद्यमीलाई प्राथमिकता दिइनेछ । उद्यमी छनौट गर्दा सामाजिक तथा लैङ्गिक दृष्ट्रिकोणले समावेशीकरण अवधारणालाई अनुसरण गर्नु पर्नेछ।

### २.३.९ वन पैदावारमा आधारित साना तथा मझौला उद्यमीको लागि कार्यस्थलको सुरक्षा तथा स्वास्थ्य मापदण्ड सम्बन्धी सचेतना कार्यक्रम

यस कार्यक्रमको मुख्य उद्देश्य वन पैदावारमा आधारित साना तथा मझौला उद्यमीहरू र कामदारहरूको पेशागत स्वास्थ्य एवम् सुरक्षा सम्बन्धी सचेतना प्रदान गर्नु रहेको छ। माथि बुँदा नं. २ मा उल्लेखित क्रियाकलापबाट वनमा आधारित उद्यम प्रवर्द्धन सीप विकास तालिम प्राप्त गर्ने उद्यमीहरू र कामदारहरूको कार्य स्थलको सुरक्षा र स्वास्थ्य मापदण्ड सम्बन्धी सचेतना प्रदान गर्नु पर्नेछ। यस अन्तर्गत सहभागीको लागि स्टेसनरी, प्रशिक्षण सामग्री एवम् तालिम हल, कार्यपत्र तयारी, सहभागीको लागि खाजा, प्रशिक्षण शुल्क, दैनिक भ्रमण भत्ता र प्रतिवेदन तयारी र प्रशिक्षण शुल्क वापत नियमानुसार रकम खर्च गरिनेछ।

### २.३.१० वन पैदावारमा आधारित उद्यमी व्यवसायिक सल्लाहकारको लागि सहजीकरण विकास तालिम

यस क्रियाकलापको मुख्य उद्देश्य वनमा आधारित उद्यम विकासका लागि व्यवसाय विकास सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्नु रहेको छ। परियोजना सञ्चालन निर्देशिकाले संम्भाग नं ३ अन्तर्गत वनमा आधारित उद्यम विकास तथा स्तर उन्नति कार्य व्यवसाय विकास सेवा प्रदायक संस्थाको सेवा खरिद गरि गर्नु पर्ने व्यवस्था गरेको हुँदा माथि बुँदा नं. १ मा उल्लेखित क्रियाकलापबाट पहिचान हुने सम्भाव्य स्थानहरूमा काठमा आधारित उद्योग (स:मिल, फर्निचर उद्योग आदी) को स्थापना र स्तर उन्नति कार्यका लागि खरिद ऐन तथा नियमावली अनुसार व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गरि उक्त सेवा प्रदायकको वनमा आधारित उद्यम विकास सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नु पर्नेछ। यस अन्तर्गत सहभागीको लागि स्टेसनरी, प्रशिक्षण सामग्री एवम् तालिम हल, कार्यपत्र तयारी, सहभागीको लागि खाजा, खाना, यातायात, वास, दैनिक भ्रमण भत्ता,प्रशिक्षण शुल्क र प्रतिवेदन तयारी वापत रकम खर्च गरिनेछ।

### २.३.११ वन उद्यम प्रवर्द्धन सेवा सहयोग (सेवा प्रदायक मार्फत)

यस कृयाकलापको मुख्य उद्देश्य व्यवसाय विकास सेवा प्रदायकको सेवाबाट वनमा आधारित उद्यम विकास गर्नु रहेको छ। माथि बुँदा नं १ मा उल्लेखित कृयाकलापबाट पहिचान हुने सम्भाव्य स्थानहरूमा माथि बुँदा नं ४ अनुसारका व्यवसाय विकास सेवा प्रदायकहरूको सेवा खरिद गरि



सचिव

काठमा आधारित उद्योग (काठ मिल, फर्निचर उद्योग आदी) को स्थापना र स्तर उन्नति गर्नु पर्नेछ। सोको लागी छनौट हुने सम्भाव्य स्थानमा वन पैदावारमा आधारित उद्यमीहरू छनौट गरि उद्यमीहरूको प्राविधिक, व्यवसायीक र संस्थागत विकासका लागि क्षमता अभिवृद्ध गर्नु पर्नेछ। साथै वनमा आधारित उद्योगको विस्तृत विवरण तयारी, व्यवसायिक योजना तयारी, वित्तिय संस्थाबाट कर्जा सुविधा प्रासिका लागि प्रस्तावना तयारी तथा उद्यमीलाई कर्जा सुविधाको लागी वित्तिय संस्थामा सहजीकरण गर्नु पर्नेछ। यस अन्तर्गत उद्यमी छनौटको लागी फिल्ड सर्वेक्षण शुल्क, प्राविधिक, व्यवसायीक र संस्थागत विकासका सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालनका लागी स्टेसनरी, प्रशिक्षण सामग्री एवम् हल भाडा, कार्यपत्र तयारी, सहभागीको लागि खाजा र प्रशिक्षण शुल्क तथा उद्योगको विस्तृत विवरण तयारी, व्यवसायिक योजना तयारी, वित्तिय संस्थाबाट कर्जा सुविधा प्रासिका लागि प्रस्तावना तयारी सम्बन्धी शुल्क र कर्जा सुविधा स्वीकृतिका लागि सहजीकरण शुल्क आदीमा खर्च गरिनेछ। माथि उल्लेखित व्यवसाय विकास सेवाको कार्यसूची तयार गरी खरीद ऐन र नियमानुसार सेवा खरिद गरि नतिजामा आधारित भुक्तानी प्रणालीको आधारमा प्रास सेवाको भुक्तानी दिनु पर्नेछ। भुक्तानी दुईवटा सूचकको आधारमा गरिने छ । जस अनुसार (क) दर्ता भएका उद्यमहरुको संख्याको विवरण प्रास भएपछि पहिलो किस्ता वापत ४० प्रतिशतले हुन आउने रकम र (ख) कर्जा सुविधा प्रासिका लागि उद्यमीहरुले वित्तय संस्थामा पेश गरेको प्रस्तावनाको स्वीकृतीको आधारमा बाँकी ६० प्रतिशत रकम भूक्तानी गरिनेछ।

**२.३.१२ उद्यम स्थापनाको लागि Viability Grant Funding सहयोग (ऋण प्रास गर्ने उद्यमीहरु)**

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका परियोजना क्षेत्रहरूमा रहेका वन उद्यमहरूलाई दिगो एवम् उत्पादनमुखी बनाउन थप आर्थिक सहायता दिनु हो । यस कार्यक्रम मार्फत आर्थिकरूपमा सक्षम भइ नसकेका तर उत्पादन र मुनाफाको सम्भावना रहेका उद्योगहरूलाई सहायता प्रदान गरिनेछ ।

यस कार्यक्रम कार्यन्वयनका लागी कार्यक्षेत्रगत शर्त तयारी एवम् स्वीकृत गरि कम्तिमा १५ दिनको सूचना मार्फत त्यस्ता उद्योगहरूबाट प्रस्ताव माग गरिनेछ । पेश भएका प्रस्तावहरू नविनतम् प्रविधि भित्र्याउन दक्ष जनशक्ति राख्न तथा बजारिकरण गर्ने रणनिति लगायतका आधारमा छनोट गरि सहायता प्रदान गरिनेछ ।

सचिव

## २.४ आयोजना अनुगमन मूल्याङ्कन एवम् सुशासन कम्पोनेन्ट (Component-4)

### २.४.१ प्रादेशिक परियोजना समन्वय समितिको बैठक

यस कार्यक्रमको उद्देश्य समृद्धिका लागि वन कार्यक्रम कार्यन्वयनको अवस्थाको समिक्षा एवम् कार्यन्वयनमा भएका समस्या तथा समधानका बिषयमा छलफल गर्न प्रादेशिक परियोजना समन्वय समितिको बैठक आयोजना गर्नु रहेको छ ।

यस अन्तर्गत बार्षिक २ पटक समितिको बैठक आयोजना गरिनेछ । बिनियोजित बजेट बैठक भत्ता र खाजामा खर्च गरिनेछ ।

### २.४.२ PPMU मर्मत सुधार (संरचनात्मक सुधार)

यस कार्यक्रमको उद्देश्य PPMU अन्तर्गत मन्त्रालयको संरचनात्मक सुधार गर्नु रहेको छ। यस अन्तर्गत प्रादेशिक परियोजना समन्वय समितिका संयोजक रहने वन तथा वातावरण मन्त्रालयको मर्मत सुधार एवम् अन्य संरचनात्मक सुधार (Aluminum covering) गरिनेछ । यस कार्यक्रममा विनियोजित बजेट प्रचलित खरिद ऐन, नियमावली अनुसार खर्च गरिनेछ ।

### २.४.३ वन कार्यालयको परियोजना परिसर मर्मत सुधार (संरचनात्मक सुधार)

यस कार्यक्रमको उद्देश्य डिभिजन स्तरमा सामान्य संरचनात्मक सुधार गर्नु रहेको छ । यस अन्तर्गत परियोजनाबाट सञ्चालित कार्यक्रम कार्यन्वयन गर्न सहजताका लागी आवश्यक संरचनात्मक मर्मत सुधार गरिनेछ ।यस कार्यक्रममा विनियोजित बजेट प्रचलित खरिद ऐन, नियमावली अनुसार खर्च गरिनेछ ।

### २.४.४ दिवस/आयोजना शुभारम्भ/समारोह/प्रचार प्रसार

यस कार्यक्रमको मुख्य उद्देश्य वन, वनस्पति, वन्यजन्तु, जलाधार, जैविक विवधता, सिमसार, वातावरण, जलवायु परिवर्तन लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्ने रहेकोछ। यस कार्यक्रमबाट आवश्यकता अनुसार निम्न अनुसारका क्रियाकलापमा खर्च गरिनेछ।

- विभिन्न दिवस मनाउने, आयोजनाको शुभारम्भ तथा समारोहहरु सञ्चालन गर्ने।
- दिवसको अवसरमा विभिन्न गोष्ठी, ऱ्याली, वृक्षारोपण कार्यक्रम लगायत अन्य सिर्जनात्मक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ।
- आमसंचारका माध्यमहरू रेडियो, टेलिभिजन र पत्रपत्रीकाबाट सन्देश मुलक सामग्री निर्माण तथा प्रसारण गर्ने।

सचिव

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

- सूचनाको हक सम्बन्धी विषयहरूमा कार्यालयका गतिविधिहरूको नियमित प्रकाशन, सब डिभिजन स्तरमा सार्वजनिक सुनुवाई, वेबसाइट सञ्चालन गर्ने।
- पुस्तिका प्रकाशन, प्रचार प्रसार सामग्री उत्पादन र वितरण गर्ने

कार्यदल र सरोकारवालाहरूसँग समन्वय वैठक, गोष्ठी आदि गर्ने

### २.४.५ टिम बिल्डिङ्ग वर्कशप

यस कार्यक्रमको मुख्य उद्देश्य PPMU तथा परियोजना सँग सम्बन्धीत कर्मचारीहरू बिच सुदृढ एकता तथा विश्वासको प्रत्याभूति गर्न उत्प्रेरणाका लागि आवश्यक समन्वय तथा सहकार्य गरी कर्मचारीहरूले प्रदान गर्ने सेवाको प्रभावकारिता वृद्धि गर्ने हो ।

यस कार्यक्रम अन्तर्गत सहभागीको लागी स्टेसनरी, प्रशिक्षण सामग्री एवम् तालिम हल, कार्यपत्र तयारी, सहभागीको लागि खाजा, खाना, यातायात, वास, दैनिक भ्रमण भत्ता ,प्रशिक्षण शुल्क र प्रतिवेदन तयारी वापत रकम खर्च गरिनेछ।

### २.४.६, २.४.७ प्रादेशिक आयोजना कर्मचारी अनुगमन तथा मुल्याङ्कन खर्च, अनुगमन तथा मुल्याङ्कन खर्च (डिभिजन वन कार्यालयको लागि)

प्रादेशिक आयोजना कर्मचारी अनुगमन तथा मुल्याङ्कन खर्चशिर्षकको कार्यक्रमको उद्देश्य PPMU तथा परियोजना सँग सम्बन्धीत कर्मचारीहरुका लागि कार्यक्रम कार्यन्वयन अवधिमा भएका अनुगमन तथा मूल्याङ्क कार्यका लागी खर्चको व्यवस्थापन गर्नु रहेको हो भने अनुगमन तथा मूल्याङ्कन खर्च (डिभिजन वन कार्यालयकोलागि) शीर्षकको कार्यक्रमको उद्देश्य परियोजनाको कार्यक्रम कार्यन्वयन गर्ने डिभिजन वन कार्यालयहरूका लागि अनुगमन तथा मूल्याङ्कन खर्चको व्यवस्थापन गर्नु हो ।

यस अन्तर्गत अनुगमन तथा मूल्याङ्कन खर्च (डिभिजन वन कार्यालयको लागि) शीर्षकको कार्यक्रममा बिनियोजित बजेटको खर्च PPMU मार्फत हुनेछ । कार्यक्रम कार्यन्वयन गर्ने डि.व.का.हरुले कुन कार्यक्रम कार्यन्वयन गर्दा उक्त खर्चभएको हो सो खुल्ने कागजातहरू सहित अनुगमन तथा मूल्याङ्कन खर्च दाबी गर्नु पर्नेछ ।

### २.४.८ विविध

यस कार्यविधिमा उल्लेख भएका कार्यक्रमका हकमा सोही बमोजिम गर्ने र उल्लेख नभएका सार्बजनिक खरिद तथा अन्य कार्यक्रमका हकमा प्रचलित ऐन कानुन अनुसार गरिनेछ साथै कार्यन्वयनमा समस्या भएमा यस मन्त्रालयको निर्णय बमोजिम हुनेछ।

सचिव